लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
मुकाम: बुटवल, नेपाल

☎: ०७१-५३०२१४
☎: ०७१-५३०११४
☎: ०७१-५३००४४

पत्र संख्या: २०७९।०८०
चलानी नं.: ९६३

मिति :-२०८०-०३-०३

विषय:- आर्थिक वर्ष २०७९/८० को भुक्तानी निकासा बन्द तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।

श्री सबै प्रदेश मन्त्रालय, सचिवालय तथा कार्यालयहरु
लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७९/८० को भुक्तानी निकासा बन्द तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा निम्नानुसार गर्नु हुन अनुरोध छ ।साथै मातहतका निकायहरुलाई समेत निम्न लिखित व्यहोरा जानकारी गराई सोही अनुसार कार्यान्वयन गराउनुहुन अनुरोध छ ।

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३० को उपनियम ७ मा प्रदेशको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षक बाहेक अन्य बजेट शीर्षक अन्तरगत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिइ लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । **सो अनुसार चालु आ.व. २०७९/८० को विनियोजन तर्फको भुक्तानी दिनुपर्ने सबै रकमको २०८० असार २४ गते भित्र भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु गराउनुहुन अनुरोध छ।**

२. **भुक्तानी निकासा बन्द हुने अन्तिम दिनमा धेरै कारोबार हुँदा Online System मा समस्या आउन सक्ने र भुक्तानी दिने कार्यमा संलग्न कर्मचारीलाई कार्यभार अधिक पर्दा कार्य सम्पादनमा कठिनाई हुनसक्ने भएकोले भुक्तानी दिनुपर्ने रकम यथा संभव छिटो सम्पन्न गर्नुहुन अनुरोध छ** ।साथै तहाँबाट पठाइएका सबै भुक्तानी आदेश बमोजिमको रकम भुक्तानी भए नभएको जाँच गरी कुनै भुक्तानी हुन छुटेको भए माथि उल्लेखित समयभित्र नै यस कार्यालय/सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयमा सम्पर्क गरी भुक्तानी गराउनु हुन अनुरोध छ ।

३. बजेट उपशिर्षक, खर्च शिर्षक, क्रियाकलाप, स्रोत आदि समायोजन गर्ने कार्य २०८० असार मसान्त भित्र गर्नुहुन अनुरोध छ।

४. समपुरक आयोजनामा भएको खर्च प्रदेश सरकार स्रोत र संघीय सरकार स्रोत दुवैतर्फ स्वीकृत अनुपात अनुसार खर्च गर्नुपर्ने हुन्छ। स्वीकृत अनुपात अनुसार खर्च भए/नभएको जाँच गरी फरक परेको भए २०८० असार मसान्त भित्र खर्च स्रोत समायोजन गर्नुहुन अनुरोध छ।

५. हाल कतिपय निकायबाट भुक्तानी निकासा माग गर्दा भुक्तानी पाउनेको नाम, खाता नम्बर फरक परेको, मर्ज भइसकेका बैंकहरुको नाममा समेत भुक्तानी माग गर्ने गरेको तथा अन्य विविध प्राविधिक कारणले EFT असफल हुने गरेको छ। आर्थिक वर्षको अन्तिम समयमा हुने भुक्तानीमा यस्ता कारणबाट EFT असफल भएमा सच्याउन नसकिने भएकोले सो तर्फ समेत ध्यान दिइ भुक्तानी आदेश पठाउनुहुन अनुरोध छ ।कुनै कारणले EFT असफल

प्रदेश लेखा नियन्त्रक

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
मुकाम: बुटवल, नेपाल

☎: ०७१-५३०२१४
☎: ०७१-५३०११४
☎: ०७१-५३००४४

पत्र संख्या: २०७९।०८०
चलानी नं.: १५३

भएमा यस कार्यालय जवाफदेही हुने छैन ।साथै हाल सम्म EFT असफल भएका कारोबारको यथाशिघ्र Refund गरी लेखा अद्यावधिक गर्नुहुन अनुरोध छ ।

६. हाल कतिपय निकायले विनियोजित बजेट भन्दा बढी र आर्थिक मामिला मन्त्रालयले रोक्का गरेको रकम समेत भुक्तानी माग गर्ने गरेको कारण भुक्तानी आदेश अस्वीकृत गर्नुपरेको छ ।एउटा भुक्तानी आदेशमा पठाएको कुनै खर्च शिर्षकमा तथा क्रियाकलापमा बजेट नपुग भएमा उक्त भुक्तानी आदेशका सबै रकम अस्वीकृत हुने भएकोले भुक्तानी आदेश स्वीकृत गर्दा CGAS ले दिने Notification लाई समेत ख्याल गरी स्वीकृत बजेटको सिमा भित्र रहेर मात्र माग गर्नुहुन अनुरोध छ ।

७. कतिपय निकायहरुले हालसम्म पनि धरौटी र विविध तर्फका कारोबारको आम्दानी जनाउन आम्दानी आदेश नपठाएको हुँदा ती निकायहरुले ७ दिन भित्र सो कार्य गर्नुहुन अनुरोध छ।

८. जिन्सी तर्फका सबै कारोबार PAMS(Public Assets Management System) मा अनिवार्य प्रविष्टी गरी सोही अनुसार जिन्सी प्रतिवेदन तयार गर्नुहुन अनुरोध छ ।

९. सरकारी चेकको भुक्तानी हुने म्याद १५ दिन भएकोले संभव भएसम्म सबै चेक चालु आर्थिक वर्ष भित्रै र नभए चेक जारी भएको मितिले १५ दिन भित्र अनिवार्य चेक सटही गर्नुहुन अनुरोध छ ।

१०. कुनै कारणले चालु आ.व.मा जारी भएको चेक नसाटीएमा वा विद्युतीय भुक्तानी असफल भएमा सम्बन्धित कार्यालयले साउन २१ गते भित्र भुक्तानी आदेश सहित निकासा खर्च समायोजनको लागि यस कार्यालयमा पठाउनुहुन र समायोजन पश्चात निकासा खर्च घटाइसकेपछि बार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्न यस कार्यालय/ सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

११. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ मा उल्लेखित शिर्षकमा भुक्तानी दिन बाँकी रहेमा सो को विवरण तोकिएबमोजिमको ढाँचामा साउन ७ गते भित्र यस कार्यालय/ सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

१२. आर्थिक वर्ष २०७९/८० को असार मसान्त सम्मको विनियोजन, राजस्व, धरौटी र विविध तर्फका सबै श्रेस्ता तथा मासिक फाँटवारीहरु तयार गरी राख्ने तथा आन्तरिक लेखा परीक्षक लेखा परीक्षण गर्न आउँदा अनिवार्य रुपमा लेखापरीक्षण गराउनुहुन अनुरोध छ।

दीपक ज्ञवाली
प्रदेश लेखा नियन्त्रक

बोधार्थ तथा कार्यार्थ:-
श्री प्रदेश लेखा इकाइ कार्यालय सबै लुम्बिनी प्रदेश